भूमि बैंक सञ्चालन सम्बन्धी संक्षिप्त अवधारणा

भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय
सिंहदरवार, काठमाडौं
२०७७ भाद्र

बिषयसूची

बिषय 3

पृष्ठभूमि 3

सन्दर्भ 3

बिगतका प्रयास 4

बिद्यमान नीतिगत तथा कानूनी व्यवस्था 4

उद्देश्य 5

मुख्य कार्यक्षेत्र 6

सांगठनिक व्यवस्था 6

जनशक्ति व्यवस्थापन 7

मुख्य कृयाकलाप 7

कार्यान्वयनको प्रक्रिया 8

स्थानीय तह, प्रदेश र संघीय सरकारको भूमिका 11

  स्थानीय तह 11

  प्रदेश सरकार 12

  संघीय सरकार 12

भूमि सम्बन्धी समस्या समाधान आयोगसंगको सम्बन्ध 13

नीति, कानून, कार्यबिधी, निर्देशिका बनाउन सकिने 13

लाभग्राही 14

बजेट व्यवस्थापन 14

भूमिको स्वामित्व 14

संक्षेपमा भूमि बैंकः 15

भूमि वैंक सञ्चालन सम्बन्धी संक्षिप्त अवधारणा

बिषय

स्थानीय तहमा भूमि बैंक सञ्चालन सम्बन्धी संक्षिप्त अवधारणापत्र तयार गर्ने

पृष्ठभूमि

१. नेपालको संविधानले निर्दिष्ट गरेको कृषि तथा भूमिसुधार सम्बन्धी नीति, सामाजिक न्याय र समाबेशिकरण सम्बन्धी नीतिमा भूमिको बैज्ञानिक उपयोग सुनिश्चित गर्ने, कृषि कार्यको लागि जग्गामा किसानको पहुँच सुनिश्चित गर्ने, जग्गा बाँझो रहन नदिने, उत्पादन बृद्धि गर्ने लगायत बिषयहरुभएको, भूमिहीन, सुकुम्बासी, अव्यवस्थित वसोवासी, मुक्त कमैया, मुक्त हलिया, हरवा चरवाहरुको सामाजिक आर्थिक अवस्थामा सुधार ल्याउने गरी जमीन लगायत प्राकृतिक श्रोतको उपयोग सुनिश्चित गर्ने र समाजवाद उन्मुख आर्थिक व्यवस्था अवलम्बन गरी सीमान्तिकृत बर्ग र समुदायको हितमा काम गर्ने बिषयमा जोड दिइएको

२. वर्तमान सरकारले तय गरेको समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय लक्ष प्राप्त गर्न कृषि भूमिको समुचित उपयोग गरी सामाजिक आर्थिक रुपमा सबै भन्दा कमजोर अवस्थामा रहेका नागरिकको जीवनस्तर माथि उठाउन सरकार प्रतिवद्ध रहेको

३. सन २०३० सम्ममा भूमि र भूमिश्रोतको महत्तम उपयोग गरी खाद्य सुरक्षा हासिल गर्ने, गरिबी निवारण गर्ने, जमीनमा महिलाको समान अधिकार स्थापना गर्ने, सुरक्षित र व्यवस्थित आवासको व्यवस्थापन गर्ने, प्राकृतिक श्रोतको दिगो व्यवस्थापन मार्फत मानव सिर्जित र प्राकृतिक प्रकोप नियन्त्रण लगायत दिगो बिकासका लक्ष हासिल गर्ने नेपाल सरकारको प्रतिबद्धता रहेको

४. सरकारी-सार्बजनिक जग्गाको संरक्षण र उपयोग, चक्लावन्दी, सहकारी खेती, सामुहिक खेतीलाई प्राथमिकताका साथ सञ्चालन गरी कृषिको व्यवसायिकरण र उत्पादन बृद्धि संगै रोजगारी सिर्जना गर्ने तीन तहकै सरकारहरुको प्रतिबद्धता रहेको

सन्दर्भ

१. कृषियोग्य भूमिको संकुचन, आंशिक उपयोग, उपयोगबिहीनता र बाँझो रहेको

२. सरकारी सार्बजनिक जग्गाहरु संरक्षण र उपयोगबिहीनता

३. खद्य सामग्रीको बढ्दो माग, घट्दो उत्पादन र खाद्यसंकटको सम्भावना

४. कोभिड -१९ पश्चातको सम्भावित बेरोजगारीको अवस्था र बैदेशिक रोजगारबाट फर्केका वा फर्कने युवाहरुलाइ सहभागी गराउन सकिने अवसर

बिगतका प्रयास

१. भूमि बैंकको विषयले उच्चस्तरीय भूमि सुधार (बडाल) आयोगको प्रतिवेदन, ०५१ मा जमिनको हदबन्दी शीर्षकअन्तर्गत प्रवेश पाएको
२. हदबन्दी कार्यान्वयनका क्रममा जमिनको क्षतिपूर्ति दिन, त्यस्तो जमिन प्राप्त गर्ने किसानबाट जमिनको मूल्य किस्ताबन्दीमा संकलन गर्ने आदि कार्यका लागि भूमि बैंक प्रस्तावित गरिएको
३. दसौँ योजनामा समावेश,
४. २०६० देखि २०६३ सम्मको नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममा समावेश
५. आर्थिक बर्ष २०६०/०६१ को वार्षिक कार्यक्रममा नेपाल सरकारको एक अर्ब र विश्व बैंकको दुई अर्ब गरी तीन अर्ब रुपैयाँको चुक्ता पुँजी रहेको भूमि बैंक स्थापना गर्ने उल्लेख
६. खरिद गरिने जग्गा धितोमा राखी ऋण दिन सकिने व्यवस्था
७. कानुन तर्जुमा आदिको ढिलाइ, भूमि बैंकले भूमिसुधारका कार्यक्रमहरुलाइ अवरोध गर्न सक्ने, जग्गा जमीन ठूला व्यवसायीहरुको हातमा जान सक्ने, साधारण किसान फेरी पनि बैंक मार्फत ऋणको चक्रमा फस्ने लगायत आशंकाको कारण कार्यान्वयन हुन नसकेको

बिद्यमान नीतिगत तथा कानूनी व्यवस्था

१. राष्ट्रिय भूमि नीतिमा भूमि बैंक सम्बन्धी बिस्तृत अवधारणा तयार गरी कार्यान्वयन गरिने बिषय उल्लेख भएको
२. पन्ध्रौं योजनामा बृहत् परिमाणमा ब्यवसायिक रुपमा कृषि उत्पादन बृद्धि गर्न भूमि बैंकको अवधारणा अनुरुप सहकारी संस्था समेत परिचालन गरी कार्यान्वयन गरिनेव्यहोरा उल्लेख भएको
३. भूउपयोग ऐनको दफा २१ मा "भूउपयोग बर्गीकरण सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न, भूमीको अधिकतम उपयोग गरेर उत्पादकत्व बृद्धी गर्न नेपाल सरकारले आवश्यकता अनुसार स्थानीय तहमा भूमि बैंक स्थापना गर्न सक्नेछ" भनी उल्लेख भएको
४. चालू आर्थिक वर्षको नेपाल सरकारको नीति तथा कार्यक्रममा भूमि, पूँजी र प्रविधिको संयोजन मार्फत कृषि भूमिको सदुपयोग गरी कृषिको व्यावसायिक उत्पादन बढाउन भूमि बैंकको स्थापना गरिने; भूमिको चक्लाबन्दीलाई प्रोत्साहन गरी करार तथा व्यावसायिक खेती र सामुहिक खेती गर्न वा समुदायको

समन्वयमा एकैप्रकारको बाली लगाउन उत्प्रेरित गरिने; स्थानीय तहमार्फत बाँझो रहेको सार्बजनिक जग्गामा करार खेती गर्न प्रोत्साहन गरिने; यस्ता खेती प्रणालीको प्रवर्द्धन गरेर सरकारले एकैसाथ उत्पादन बृद्धी र रोजगारी सिर्जना गर्ने बिषय उल्लेख भएको

५. चालू आर्थिक वर्षको नेपाल सरकारको बजेट वक्तब्यमा कोभिड-१९ का कारण ग्रामीणमुखी हुन थालेको जनजीवन र बैदेशिक रोजगारीबाट युवाहरु फर्कने अवस्थालाई अवसरको रूपमा लिई कृषि कार्य गर्न चाहनेको भूमिमा पहुँच सुनिश्चित गर्न भूमि बैंकको स्थापना र सञ्चालन गरिने; संघ, प्रदेश र स्थानीय तहको सहलगानीमा चालु आ.व. मा ३०० स्थानीय तहमा भूमि बैंकका इकाइ स्थापना गरिने; भूमि बैंकले लिजमा लिएको जमीन, सरकारी स्वामित्वको उपयोगमा नरहेको जमीन र नदी नियन्त्रणबाट उकास भएको जमीन कृषि कार्यको लागि उपयोग गर्न चाहने व्यक्ति तथा संस्थालाई निश्चित समयका लागि लीजमा उपलब्ध गराउने; जमीन लीजमा लिई उत्पादन गर्नेलाई प्रोत्साहन स्वरुप कृषि सामग्रीमा सहुलियत दिइने, बाँझो जमीन धेरै भएका स्थानीय तहवाट भूमि बैंकको स्थापना शुरु गरी क्रमश: सबै स्थानीय तहमा बिस्तार गर्दै लगिने र भूमि बैंकमा शेयर लगानी गर्न रू. ५० करोडको व्यवस्था गरिने कुरा उल्लेख भएको

६. उल्लिखित नीतिगत र कानूनी व्यवस्थाका आधारमा स्थानीय तहमा रहेका गरिव, साना किसान र जमीनमा उत्पादन गरी जीविकोपार्जन गर्न उत्प्रेरित बर्ग, समुहको हितमा समाजवादउन्मुख अर्थ व्यवस्था अनुकुल हुने गरी नेपालको सामाजिक आर्थिक वातावरण सुहाउँदोकिसिमले भूमि बैंक स्थापना र सञ्चालनको लागि यो अवधारणा तयार गरिएकोछ।

उद्देश्य

१. जमिन बाँझो रहन नदिने, बाँझो जमीनलाइ उत्पादनमा लगाउने, उत्पादन बृद्धि गर्ने

२. उपयोगमा नरहेको जग्गा न्यून आय भएका गरीब, किसान तथा सिमानतकृत परिवारहरुलाइ निश्चित शर्त र सुविधासहित उपयोग गर्न दिने र त्यस्ता परिवारहरुको आयआर्जन र जीवनस्तरमा गुणात्मक सुधार ल्याउने

३. निस्कृय भूमिको उपयोग मार्फत बैदेशिक रोजगारबाट फर्केका लगायत ग्रामीण युवाहरुको लागि स्थानीयस्तरमा रोजगार सिर्जना गर्ने

४. सहकारी खेति, सामुहिक खेति मार्फत व्यावसायिक उत्पादनलाई प्रोत्साहन गर्ने र उत्पादनको बाजारीकरणमा सहयोग पुर्याउने

मुख्य कार्यक्षेत्र

१. जमिनहुने तर जमिनमा कामगर्ननसक्ने वा नचाहने व्यक्तिहरुको निस्कृय जमिनको अभिलेख तयार गरी निक्षेपको रुपमा संकलन गर्ने र जमिन उपयोग गर्न चाहनेहरुलाई निश्चित शर्तको आधारमा निश्चित समयका उपलब्ध गराउने।

२. सम्बन्धित स्थानीय तह भित्रको आवादी क्षेत्र भित्र रहेका बाझो र उपयोगबिहीन सरकारी, सार्बजनिक, नदी उकास जस्ता जमिनको अभिलेख तयार गरी स्थानीय तहको निर्णय अनुसार निश्चित शर्तको आधारमा उपयोग गर्न चाहनेलाइ निश्चित समयका लागि उपलब्ध गराउने

३. भूमि बैंक मार्फत जग्गा लिई उत्पादनको कार्यमा संलग्न व्यक्ति, संस्था, सहकारी, कम्पनी आदि लाई उत्पादन बृद्धिको लागि आवश्यक सहयोग गर्ने

सांगठनिक व्यवस्था

१. भूमि बैंकको सञ्चालन तथा व्यवस्थापन स्थानीय तहले गर्नेछ, जसको समग्र नेतृत्व स्थानीय तहका प्रमुखले गर्नेछन

२. प्रशासनिक नेतृत्व स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतको हुनेछ

३. स्थानीय तह अन्तर्गत एउटा भूमि बैंक इकाइ रहनेछ

४. सो इकाइले यसको कार्यान्वियन सम्बन्धी सम्पूर्ण कार्यहरु सञ्चालन गर्नेछ

५. उक्त इकाइको नेतृत्व सामान्यतया अधिकृत तहको कर्मचारीले गर्नेछ तर शाखा अधिकृत तहको प्रमुख प्रशासकीय अधिकृत भएको स्थानीय तहमा छैठौं वा पाँचौं तहका वा सो सरहका कर्मचारीले नेतृत्व गर्न सक्नेछ

६. स्थानीय तहले आवश्यक कर्मचारीहरु राख्ने व्यवस्था गर्नेछ

७. प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको भूमि व्यवस्थापन महाशाखाले भूमि बैंकको प्रादेशिक निकायको रूपमा काम गर्नेछ र आफ्नो प्रदेश भित्रका स्थानीय तहहरुमा रहेका भूमि बैंक इकाइहरुसंग सहकार्य, सहयोग र समन्वय गर्ने व्यवस्था मिलाउनेछ

८. संघिय सरकार अन्तरगत भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्रालयअन्तरगत भूमिव्यवस्थापन महाशाखाले भूमि बैंकको केन्द्रिय निकायको रुपमा काम गर्नेछ, सो महाशाखा अन्तरगत भूमि बैंक समन्वय शाखा रहनेछ र प्रदेश सरकार र स्थानीय तहहरुमा रहेका भूमि बैंक इकाइहरुसंग सहकार्य, सहयोग र समन्वय गर्ने व्यवस्था मिलाउनेछ

जनशक्तिव्यवस्थापन

१. स्थानीय तहमा कम्तीमा १ जना इकाइ प्रमुख, २ जना सहायक कर्मचारीहरु रहन सक्नेछन तर कार्यबोझको आधारमा स्थानीय तहले आवश्यकता अनुसार थपघट गर्न सक्नेछन
२. स्थानीय तहले आफ्नो कृषि वा भूमिसुधार वा नापनक्सा शाखा वा इकाइ मार्फत पनि भूमि बैंक सम्बन्धी कार्य गर्न गराउन सक्नेछन
३. इकाइको कार्यको सुपरिवेक्षण, अनुगमन, मूल्यांकन लगायत प्रशासकीय र व्यवस्थापकीय कार्य प्रमुख प्रशासकीय अधिकृतले नै गर्नेछन
४. प्रदेशस्तरमा मन्त्रलयको भूमिव्यवस्थापन महाशाखा प्रमुखले भूमि बैंक सम्बन्धी कार्यको नेतृत्व गर्नेछन, निजले महाशाखा कै कर्मचारीहरु मध्येबाट कुनै करमचारीलाइ भूमि बैंक सम्बन्धी प्रादेशिक कार्यको थप जिममेवारी तोक्न सक्नेछन, समग्र कार्यको प्रशासनिक कार्यको नेतृत्व सचिवले र नीतिगत कार्यको नेतृत्व प्रदेश मन्त्रीले गर्नेछन
५. संघस्तरमा मन्त्रलयको भूमिव्यवस्थापन महाशाखा प्रमुखले भूमि बैंक सम्बन्धी कार्यको नेतृत्व गर्नेछन, सो महाशाखा अन्तरगत भूमि बैंक समन्वय शाखामा १ जना उपसचिव, १ जना शाखा अधिकृत रहनेछ , समग्र कार्यको प्रशासनिक कार्यको नेतृत्व सचिवले र नीतिगत कार्यको नेतृत्व संघीय मन्त्रीले गर्नेछन

मुख्य कृयाकलाप

१. उपयोगबिहीन नम्बरी जग्गाहरु पहिचान गर्ने र त्यस्ता जग्गाहरुको अभिलेख तयार गर्ने
२. त्यस्ता जग्गाका जग्गाधनीहरु पहिचान गरी जग्गाको उपयोग गर्न उत्प्रेरित गर्ने
३. जग्गा कमाउन नचाहने वा नसक्ने ब्यक्तिहरुलाइ आफ्नो जग्गा भूमि बैंकमा राख्न उत्प्रेरित गर्ने
४. प्रकरण (१), (२) र (३) मा उल्लिखित कार्यको लागि सूचना पाटी, वेवसाइट, स्थानीय रेडियो लगायत सार्बजनिक संचार माध्यम मार्फत प्रचार प्रसार गर्ने
५. भूमि बैंकमा जग्गा राख्न इच्छुक व्यक्तिहरु संग निवेदन माग गर्ने
६. भूमि बैंकमा जम्मा गर्न भनी परेका निवेदनहरुको छानबीन गरी उल्लिखित जग्गा बैंकमा राख्न उपयुक्त भए नभएको यकीन गर्ने
७. स्थानीय तहको क्षेत्र भित्रको आवादी जग्गासंग जोडिएका, नाप नक्सा भएका, हाल उपयोगमा नरहेका सरकारी सार्बजनिक जग्गा, नदी उकास, रूख बिरुवा वा बोट बुटेन झाडी आदी नभएको आवादी गर्न लायकको हैसियत बिग्रेको बन लगायत उपयोग बिहीन ऐलानी पर्ती, बाँझो जग्गा समेतको पहिचान गरी अभिलेख राख्ने

८. भूमि बैंकमा जम्मा हुन आएका जग्गाहरुको बिस्तृत बिवरण सहितको सूचना सर्बसाधारणको जानकारीको लागि प्रकाशन गर्ने, यस्तो बिवरण स्थानीय तहको वेवसाइट मार्फत सार्बजनिक गर्ने
९. बैंकमा जम्मा भएको जग्गा उपयोग गर्न इच्छुक व्यक्ति, संघ, संस्था, सहकारी, कम्पनी लगायतबाट निवेदन आह्वान गर्ने
१०. जग्गा उपयोग गर्न इच्छुक व्यक्तिहरुको निवेदनसंकलन गरी प्रार्थमिकता सूची बमोजिम अभिलेखबद्ध गरी राख्ने
११. उपयोग गर्न इच्छुक व्यक्तिहरुको निवेदनका आधारमा स्थानीय तहले निर्णय गरेको प्राथमिकता सूची र छनौटका मापदण्ड बमोजिम उपयोगकर्ता छनौट गर्ने
१२. उपयोगकर्ताहरुसंग निश्चित शर्त र समयसीमा तोकेर सम्झौता गर्ने
१३. भूमि बैंकबाट उपयोगमा लगाइएका जग्गा आवश्यकता अनुसार रोक्का, फुकुवा गर्न लगाउने
१४. सम्झौता बमोजिम जग्गाको उपयोग भए नभएको अनुगमन गर्ने गराउने
१५. उपयोगकर्ताबाट तोकिएबमोजिमको शुल्क लिने, जग्गाधनीलाई तोकिएबमोजिमको रकम उपलब्ध गराउने
१६. सम्झौता समाप्त भए पछि सम्बन्धित जग्गाधनीलाई जग्गा फिर्ता गर्ने वा प्रकृया पुर्याई नवीकरण गर्ने
१७. भूमि बैंकको कार्य सञ्चालन सम्बन्धमा कुनै बिवाद देखिएमा स्थानीय तहको न्यायिक समिति समक्ष पेश गर्ने
१८. भूमि बैंकको सम्पूर्ण कृयाकलापहरुको बिस्तृत अभिलेख राख्ने, कागजपत्र, श्रेस्ता, सम्झौता लगायतको अभिलेख सुरक्षित राख्ने

कार्यान्वयनको प्रक्रिया

१. उपयोगमा आउन नसकेको भूमिको समुचित उपयोग सुनिश्चित गर्न र सो कार्यलाइ सहजीकरण गर्न आवश्यकता अनुसार स्थानीय तहमा एक भूमि बैंक रहनेछ
२. आवश्यकता र औचित्यको आधारमा दुई वा दुई भन्दा बढी स्थानीय तह मिलेर उपयुक्त स्थानमा एउटा भूमि बैंक सञ्चालन गर्न पनि सक्नेछन, यस्तो अवस्थामा सम्बन्धित स्थानीय तहहरुले आ-आफ्नो लार्यपालिकाबाट निर्णय गराई, आपसमा सहमती गरी संयुक्त सञ्चालन तथा व्यवस्थापन समिति गठन गरी भूमि बैंकको सञ्चालन तथा व्यवस्थापनको कार्य गर्नेछन
३. भूमि बैंकले आफ्नो स्थानीय तह भित्रको सरकारी, सार्बजनिक, गुठी, निजी लगायत सबै जग्गाको अद्यावधिक अभिलेख संकलन गरी दुरुस्त राख्नु पर्नेछ

४. भूमि बैंकले सम्बन्धित स्थानीय तह भित्रका कुनै जग्गाधनीले आफ्नो नाममा रहेको जग्गा कुनै कारणबस आफै उपयोग गर्न नचाहेमा वा नसक्ने अवस्था रहेमा त्यस्या जग्गा भूमि बैंकमा राख्न आह्वान गर्दै सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकासित गर्नु पर्नेछ

५. ईच्छुक जग्गाधनीहरुले आफूले उपयोग गर्न नसक्ने जग्गा निश्चित अवधीको लागी उपयोगमा लगाउन भूमि बैंक समक्ष निबेदन दिन सक्नेछन

६. बैंकले जग्गाको अभिलेख हेरी, आवश्यक छानबीन गरी उक्त जग्गा उपयोगमा ल्याउन उपयुक्त रहेको ठहरभएमा आफ्नो अभिलेखमा सुचीबद्ध गर्नेछर उपयुक्त नभए सम्बन्धित व्यक्तिलाइ निवेदन फिर्ता गरिदिनेछ

७. जग्गा उपयोगमा ल्याउन उपयुक्त भए नभएको छनौट गर्ने आधार र मापदण्ड सम्बन्धित स्थानीय तहले निर्धारण गर्नेछ

८. बैंकले उपयोगका लागिआफू संग उपलब्ध रहेका सम्पुर्ण जग्गाहरुको बिस्तृत सुची सहितको बिबरण सर्बसाधारण र सरोकारवालाको जानकारीको लागी बिद्युतीय लगायत अन्य उपयुक्त माध्यममा प्रकासित गर्नेछ,

९. यस्तो सूची उपयोग गर्न इच्छुक ब्यक्तीले कम्प्यूटर वा मोबाइलबाटै हेर्न सक्ने गरी तयार गर्नु पर्नेछ, सम्बन्धित व्यक्ति कार्यालयमा आइ बिवरण हेर्न चाहेमा बैंकले सो बिवरण देखाउनु पर्नेछ

१०. उपयोग गर्न इच्छुक व्यक्तीले आफूले उपयोग गर्न चाहेको जग्गाको बिबरण खोली बैंकमा निवेदन दिनु पर्नेछ

११. दुई वा दुई भन्दा बढी व्यक्तिले एउटै जग्गा उपयोग गर्न ईच्छा देखाई निबेदन दिएको पाइएमा राज्यले तोकेको प्राथमिकता सूचीको आधारमा उपलब्ध गराउनु पर्नेछ

१२. प्राथमिकता सूची बमोजिमका व्यक्ति, परिवार, समूह आदिवाट तोकिएको म्याद भित्र निवेदन नपरेमा प्रतिस्पर्धाको आधारमा ईच्छुक व्यक्ति, संस्था, सहकारी, कम्पनी वा अन्यलाई उपलब्ध गराउन बाधा परेको मानिने छैन

१३. प्राथमिकता क्रम अनुसार उपयोगकर्ता छनौट गर्ने र सो बमोजिम निबेदन नपरेमा प्रतिस्पर्धाका आधारमा छनौट गर्ने आधार र मापदण्ड स्थानीय तहले निर्धारण गर्न सक्नेछ

१४. बैंकले जग्गा उपयोगको शुल्क, समयावधी, अधिकार (Rights), कर्तव्य (Responsibility) , बन्देज (Restriction) लगायत समपुर्ण शर्तहरु उल्लेख गरी निवेदकलाइ जग्गा उपयोग गर्न दिनुपर्नेछ

१५. बैंक मार्फत उपयोगमा लगाइएको जग्गा मालपोत कार्यालयमा रोक्का राख्न बैंकले लेखी पठाउनेछ र यसरी लेखी आएमा मालपोत कार्यालयले रोक्का राख्नु पर्नेछ

१६. जग्गाधनीले पाउने शुल्क, उपयोगकर्ताले तिर्नु पर्ने शुल्क, बैंकको सेवा शुल्क लगायत यस सम्बन्धी निर्णय गर्ने अधिकार स्थानीय तहको हुनेछ

१७. स्थानीय तहले भूमी बैंक मार्फत जग्गा उपयोग गर्न चाहने ब्यक्तीहरुलाइ प्रोत्साहन गर्न आवश्यक सुबिधा उपलव्ध गराउन सक्नेछ

१८. तय समयावधि अगावै उपयोगकर्ताले जग्गा फिर्ता गर्न चाहेमा वा जग्गाधनीले जग्गा फिर्ता लिन चाहेमा बैंकलाइ स्थानीय तहले तोकेको क्षतिपुर्ती तिर्नु पर्नेछ

१९. जग्गाधनीले तय समयावधी अगावै जग्गा बिक्रि गर्न चाहेमा बैंकलाइ स्थानीय तहले तोकेको क्षतिपुर्ती दिइ बिक्रि गर्न सक्नेछ

२०. खण्ड (१७) र (१८) बमोजिमको परिस्थितिबाट उपयोगकर्तालाइ हुने असुविधाको लागी बैंकले उपयोगकर्तालाइ स्थानीय तहले तोकेको क्षतिपुर्ती तिर्नु पर्नेछ

२१. बैंकले जग्गाधनीलाइ जग्गा उपयोगमा आएको अवधीको मात्र शुल्क तिर्नु पर्नेछ

२२. जग्गा जुन भूउपयोग क्षेत्रमा बर्गीकरण भएको हो, उपयोगकर्ताले सोही बमोजिम उपयोग गर्नु पर्ने छ, भूउपयोग परिवर्तन गर्न पाइने छैन

२३. स्थानिय तहले भूमी बैंक संचालनको जिम्मा कानून बमोजिम संचालित सहकारी संस्था, बिभिन्न स्थानीय समूह, वा नियमानुसार सञ्चालित निजी कम्पनीलाई दिन सक्नेछ तर यसको सम्पुर्ण नीतिगत नेत्तृत्व स्थानीय तहको हुनेछ

२४. भूमी बैंक संचालन सम्बन्धी कुनै बिषयमा बिवाद देखिएमा स्थानीय न्यायिक समिति मार्फत निरुपण गरिनेछ

२५. न्यायिक समितीको निर्णय चित्त नबुझे सम्बन्धित जिल्ला अदालतमा उजुर गर्न सकिने छ

२६. स्थानीय तहले भूमी बैंक संचालन सम्बन्धी कार्यलाइ नियमन र व्यवस्थापन गर्न थप कानून (ऐन, नियम, निर्देशिका, कार्यबिधी) बनाइ लागू गर्न सक्नेछ

२७. भूमी बैंक संचालनमा आएको स्थानमा आफ्नो क्षेत्र भित्रको जग्गाको मालपोत लगायत एकिकृत सम्पत्ती कर संकलन गर्ने कार्य समेत भूमी बैंक मार्फत गराउन सकिनेछ

२८. प्रदेश सरकारले आफ्नो क्षेत्र भित्रका स्थानीय तहहरुमा संचालनमा रहेका भूमी बैंकहरुको नियमित अनुगमन गरी थप सुधारको लागी आवश्यक सहजीकरण र समन्वय गर्न सक्नेछन

२९. भूमी बैंक मार्फत जग्गाको महत्तम उपयोग सुनिश्चित गर्ने प्रदेश सरकारहरुले आ-आफ्नो क्षेत्र भित्रका स्थानीय तहहरुलाइ प्रोत्साहन गर्नेछन

स्थानीय तह, प्रदेश र संघीय सरकारको भूमिका

स्थानीय तह

१. संघीय कानूनको भवना प्रतिकूल नहुने गरी भूमि बैंक स्थापना र सञ्चालन सम्बन्धी थप नीति, कानून, कार्यबिधी तयार गर्ने
२. भूमि बैंकमा राख्न मिल्ने र नमिल्ने जग्गाको छनौटका आधार र मापदण्ड निर्धारण गर्ने
३. भूमि बैंकबाट जग्गा उपलब्ध गराइने उपयोग कर्ताहरुको प्रार्थमिकता निर्धारण गर्ने, (उदाहरणको लागि पहिलो प्राथमिकता: ५ कट्ठा भन्दा कम जग्गा हुने दलित, दोश्रो: मुक्त कमैया वा मुक्त हलिया परिवार, तेश्रो: शहीद परिवार, चौथो: राज्य सुविधा परिचयपत्र प्राप्त परिवार, पाँचौ: साना किसान वा यस्तै अन्य)
४. प्राथमिकता प्राप्त सूचीबाट कसैको आवेदन नपरे क्रमश: सहकारी, सामुहिक खेती, करार खेती गर्न चाहने परिवार वा समूह, कम्पनी, अन्य किसान लगायतलाई प्रतिस्पर्धाका आधारमा दिने गरी आधार र मापदण्ड निर्धारण गर्ने
५. जग्गा उपयोग गर्ने सम्बन्धमा प्रकरण ३ र ४ मा उल्लिखित मध्ये कुनै पनि व्यक्ति वा समूहको निवेदन नपरेमा स्थानीय तह आफैले प्रधानमन्त्री रोजगार कार्यक्रम वा यस्तै अन्य कुनै कार्यक्रमसंग समन्वय र सहकार्य गरी कृषि मजदूरहरुको व्यवस्था गरी आफैले उपयोग गर्ने र उत्पादन लिने व्यवस्था गर्ने
६. जग्गाधनी लाई दिइने जग्गा वापतको शुल्क, उपयोगकर्ताबाट लिइने उपयोग शुल्क, बैंकको सेवा शुल्क निर्धारण
७. बिभिन्न किसिमका कृषि कार्य (अन्न बाली, तरकारी खेती, फलफूल खेती, पशुपालन आदी) को लागि उपयोगकर्तालाई जग्गा लीजमा दिइने न्यूनतम र अधिकतम अवधी निर्धारण
८. अवधी समाप्त हुनु अघि नै कुनै पक्षबाट सम्झौता भंग गर्ने काम भएमा सो को लागि सम्झौता भंग गर्ने पक्षबाट लिइने क्षतिपूर्ती निर्धारण
९. लीजमा दिइने जग्गाको भूउपयोग निर्धारण र निर्धारित भूउपयोग बमोजिम भएनभएको नियमित अनुगमन
१०. आफ्नो क्षेत्र भित्रका भूमि बैंकमा उपलव्ध सम्पूर्ण जग्गाहरुको बिस्तृत बिवरण अनलाइन उपलब्ध हुने र सबैले हेर्न सक्ने व्यवस्था मिलाउने
११. भूउपयोगको पालना गर्नेलाई प्रोत्साहन र भूउपयोगको पालना नभएमा भूउपयोग ऐन बमोजिम कारबाही गर्ने
१२. भूमि बैंकवाट जग्गा लिई कृषि कार्यमा संलग्न भएका वा हुन चाहने, चक्लाबन्दी, सामुहिक खेती, सहकारी खेती गर्न चाहने परिवारहरुलाइ कृषि सामग्री, मल, बिउ, औषधी लगायतमा सुविधाका प्याकेजहरु उपलव्ध गराउने

१३.	अन्तरस्थानीय तह, प्रदेश सरकार र संघीय सरकार संग समन्वय

१४.	भूमि बैंक सञ्चालन सम्बन्धी बिवाद निरुपण

प्रदेश सरकार

१. संघीय कानूनको भवना प्रतिकूल नहुने गरी भूमि बैंक प्रवर्द्धन सम्बन्धी थप नीति, कानून, निर्देशिका तयार गर्ने

२. आफ्नो क्षेत्र भित्रका स्थानीय तहमा सञ्चालन भएका भूमि बैंकहरुको निरिक्षण, अनुगमन, मूल्यांकन गर्ने

३. भूमि बैंक सञ्चालन र व्यवस्थापनको लागि तोकिए बमोजिमको बजेट रकम उपलब्ध गराउने

४. आफ्नो प्रदेश भित्रका सबै स्थानीय तहमा सञ्चालित भूमि बैंकमा उपलव्ध सम्पूर्ण जग्गाहरुको बिस्तृत अद्यावधिक बिवरण अनलाइन उपलब्ध हुने र सबैले हेर्न सक्ने व्यवस्था मिलाउने

५. भूमि बैंकवाट जग्गा लिई कृषि कार्यमा संलग्न भएका वा हुन चाहने, चक्लाबन्दी, सामुहिक खेती, सहकारी खेती गर्न चाहने परिवारहरुलाइ कृषि सामग्री, मल, बिउ, औषधी लगायतमा सुविधाका प्याकेजहरु उपलव्ध गराउने

६. दुई वा दुई भन्दा बढी स्थानीय तहमा फैलिएको जग्गा कुनै व्यक्ति, संस्था, सहकारी, समूह, कम्पनी आदि लाई उपयोगको लागि उपलब्ध गराउनु पर्ने भएमा सो सम्बन्धी भूमि बैंकले गर्नु पर्ने सम्पूर्ण कार्य गर्ने

७. स्थानीय तह र संघीय सरकार संग समन्वय र सहकार्य गर्ने

८. भूमि बैंकको प्रादेशिक निकायको रुपमा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले काम गर्ने

संघीय सरकार

१. भूमि बैंक सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन सम्बन्धी केन्द्रिय नीति, कानून, निर्देशिका, नमूना कार्यबिधी तयार गर्ने

२. देश भित्र सञ्चालन भएका सम्पूर्ण भूमि बैंकहरुको निरिक्षण, अनुगमन, मूल्यांकन गर्ने

३. भूमि बैंक सञ्चालन र व्यवस्थापनको लागि तोकिए बमोजिमको बजेट रकम उपलब्ध गराउने

४. देश भित्रका सबै प्रदेश र स्थानीय तहमा सञ्चालित भूमि बैंकमा उपलव्ध सम्पूर्ण जग्गाहरुको बिस्तृत अद्यावधिक बिवरण अनलाइन उपलब्ध हुने र सबैले हेर्न सक्ने व्यवस्था मिलाउने

५. भूमि बैंकवाट जग्गा लिई कृषि कार्यमा संलग्न भएका वा हुन चाहने, चक्लाबन्दी, सामुहिक खेती, सहकारी खेती गर्न चाहने परिवारहरुलाइ कृषि सामग्री, मल, बिउ, औषधी लगायतमा सुविधाका प्याकेजहरु उपलव्ध गराउने

६. दुई वा दुई भन्दा बढी प्रदेशमा फैलिएको जग्गा कुनै व्यक्ति, संस्था, सहकारी, समूह, कम्पनी आदि लाई उपयोगको लागि उपलब्ध गराउनु पर्ने भएमा सो सम्बन्धी भूमि बैंकले गर्नु पर्ने सम्पूर्ण कार्य गर्ने
७. प्रदेश सरकार र स्थानीय तहहरु संग आवश्यकता अनुसार सहकार्य र समन्वय गर्ने,
८. भूमि बैंकको केन्द्रिय निकायको रुपमा भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयले काम गर्ने

भूमि सम्बन्धी समस्या समाधान आयोगसंगको सम्बन्ध

१. भूमि सम्बन्धी समस्या समाधान आयोग र भूमि बैंकले एक अर्काको कार्यमा सहयोग र समन्वय गर्नेछन
२. भूमि बैंक संग स्थानीय तहमा रहेका सरकारी सार्बजनिक जग्गाको पूर्ण विवरण हुनेछ, जस मध्ये आयोगको लागि उपयुक्त जग्गा पहिचानमा सहयोग पुग्नेछ
३. आयोगले भूमिहीन दलित, सुकुम्बासीहरुलाई बितरण गर्ने र अव्यवस्थित वसोवासीहरुलाई व्यवस्थित गराउने प्रयोजनको लागि पहिचान र छनौट गरेको जग्गा भूमि बैंकको प्रयोजनको लागि उपयोगमा ल्याइने छैन
४. आयोगको प्रयोजनमा नरहने आवादी क्षेत्र भित्रको,उपयोगमा नरहेको सरकारी जग्गा, नदी उकास जग्गामात्र भूमि बैंकको प्रयोजनको लागि अभिलेखबद्ध गरि उपयोगमा ल्याइनेछ

नीति, कानून, कार्यबिधी, निर्देशिका बनाउन सकिने

१. भूमि बैंक सञ्चालन सम्बन्धी समग्र अवधारणा र नीतिगत नेतृत्व , यस सम्बन्धी प्रारम्भिक कानूनी व्यवस्था संघीय सरकारले तय गरे बमोजिम हुनेछ।
२. संघीय सरकारले जारी गरेको व्यवस्थाको प्रतिकूल नहुने गरी प्रदेश सरकारले प्रदेश स्तरीय नीति, कानूनको व्यवस्था गर्न सक्नेछन।
३. यसको कार्यान्वयनको समग्र जिम्मेवारी स्थानीय तहको हुने भएकोले संघ र प्रदेश को नीति, कानून अनुरुप भूमि बैंक सञ्चालन सम्बन्धी थप स्थानीय कानून, निर्देशिका, कार्यबिधी स्थानीय तहले जारी गर्न सक्नेछन।
४. ७५३ वटै स्थानीय तहको कार्य सञ्चालन प्रकृयामा एकरुपता र नीतिगत समानता होस भन्ने हेतुले संघीय सरकारले आधारभूत रुपमा मारगनिर्देशक नीतिगत र कानूनी व्यवस्था गर्न प्रस्ताव गरिएको हो।

लाभग्राही

१. आफ्नो भूमिको समुचित उपयोग गर्न नसकेर बाँझो छोडेका जग्गाधनी,
२. जग्गामा आफ्नो श्रम, सीप, समय र साधन लगानी गर्न सक्ने तर जमीनमा स्वामित्व र पहुँच नभएका किसान परिवार,
३. सामुहिक खेति गर्न चाहने किसान, सहकारी, व्यवसायिक कम्पनी, कृषि श्रमिक, ग्रामीण बेरोजगार, बैदेशिक रोजगारबाट फर्केका युवा
४. स्थानीय कृषि उद्यमी, कृषि सामग्रीका मल, बीउ, कृषि औजार, कृषि उपज लगायतका व्यापारी, व्यवसायी र उपभोक्ताहरु

बजेट व्यवस्थापन र कोषको व्यवस्था

१. स्थानीय तहमा भूमि बैंक सञ्चालन र व्यवस्थापन प्रयोजनको लागि एउटा कोष स्थापना गरिनेछ
२. भूमि बैंक संचालनको लागि आवश्यक बजेटको ब्यवस्थापन तीनवटै तहका सरकारहरुको लागत साँझेदारीको अवधारणा अनुसार हुनेछ।
३. स्थानीय तहले कुल सञ्चालन खर्चको ५०%, प्रदेश सरकारले २०% र संघीय सरकारले ३०% व्यहोर्ने छन।
४. बैंकलाई प्राप्त हुने सेवा शुल्क बापतको रकम, नियमानुसार प्राप्त हुने दण्ड जरिवाना बापतको रकम लगायत कोषमा जम्मा गरिनेछ
५. कुनै माध्यमबाट प्राप्त हुने अनुदान वा अन्य सहयोग रकम समेत कोषमा जम्मा गरिनेछ
६. कोषको रकम भूमि बैंक मार्फत जमीनको समुचित उपयोग सुनिश्चित गर्ने र कृषि उत्पादन बृद्धि गर्ने प्रयोजनका लागि खर्च गरिनेछ

भूमिको स्वामित्व

१. भूमि वैंक सञ्चालनबाट बिद्यमान भूस्वामित्व प्रणालीमा कुनै मूलभूत परिवर्तन हुने छैन।
२. हालका जग्गाधनीले आफ्नो स्वामित्व कायमै रहने गरी भूमि बैंक मार्फत जग्गाको उपयोगको अधिकार मात्रै निश्चित शर्तको आधारमा निश्चित समयका लागि हस्तान्तरण गर्ने छन
३. कुनै जग्गाधनीले आपसी सहमती र स्वेच्छाले स्वामित्व नै हस्तान्तरण गर्न पनि सक्ने छन

४. भूमि बैंक मार्फत उपयोगमा आएको निजी जग्गा नेपाल सरकारले जग्गा प्राप्ती ऐन बमोजिम प्राप्त गर्न कुनै बाधा पर्ने छैन, यस्तो अवस्थामा जग्गाको मुआव्जा जग्गाधनीले र जग्गामा लगाइएको बालीनाली लगायत उपयोगको क्षतिपूर्ती उपयोगकर्ताले प्राप्त गर्नेछ
५. भूमि बैंक मार्फत उपयोगमा आउने सरकारी सार्बजनिक जग्गाको स्वामित्व नेपाल सरकारकै रहनेछ, सरकारलाइ आवश्यक परेको खण्डमा पूर्ब जानकारी दिई सरकारले फिर्ता लिन सक्नेछ।
६. सरकारले जग्गा फिर्ता लिने क्रममा बालीनाली लगायत उत्पादनको क्षति नहुने गरी फिर्ता लिने तर यदि तत्काल फिर्ता लिनु पर्ने अवस्थाको कारण उपयोगकर्तालाई क्षति हुने देखिएमा सरकारले बालीनाली वा उत्पादनको मूल्यांकन गरी क्षतिपूर्ति दिनु पर्नेछ।

संक्षेपमा भूमि बैंक:

१. यो व्यवसायिक, व्यापारिक, मौद्रिक कारोबार गर्ने नाफामूलक बैंक वा बित्तीय कम्पनी होइन
२. आबादी क्षेत्र भित्रका (नम्बरी र सरकारी) उपयोगबिहीन भूमिको समुचित उपयोग सुनिश्चित गर्न स्थानीय तहमा रहने अधिकार प्राप्त ईकाइ
३. आफ्नो स्वामित्वमा रहेको जग्गा उपयोग गर्न नसक्ने, नचाहने जग्गाधनीको जग्गा (निक्षेपको रुपमा) संकलन गर्ने र जग्गा उपयोग गर्न सक्ने, चाहने व्यक्तिलाइ सो जग्गा उपयोगको लागि उपलव्ध (लगानी) गर्न सहजीकरण गर्ने स्थानीय तह अन्तर्गतको ईकाइ
४. गैर नाफामूलक, गैर व्यापारिक संस्था, नितान्त नया र मौलिक समाजबाद उन्मुख कार्यक्रम
५. जग्गाको उपयोगमा केन्द्रित
६. स्थानीय तहमा स्थानीय तहमार्फत, स्थानीय सहभागितामा आधारित सामान्य र सानो आकारको शुरुआत, यसको अभ्यास र प्रयोगको बिस्तृत मुल्यांकन पश्चात बृहद रुपमा देशभर सञ्चालन गर्न सकिने